**नगर सभाका अध्यक्ष एवम् सदस्यज्यूहरू,**

अब म गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष २०८१/८२ को योजना तर्जुमाका आधार र क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. बार्षिक योजना तथा बजेट तर्जुमाका मुख्य आधार नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघ र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्ड, संघीय र प्रदेश सरकारले तर्जुमा गरेका बजेट तथा कार्यक्रम, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरणसम्बन्धी निर्देशिका लगायतका अन्य प्रचलित कानुन, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना र स्रोत साधन, नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासको लक्ष्य, संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा सामाजिक नीति, सरकारको अन्तराष्ट्रिय प्रतिवद्धता/सन्धि संझौता, स्थानीय विविधता र विकासको अवस्थामा रहेको असमानता र स्थानीय सरकारको आन्तरिक स्रोतको सामर्थ्य रहेका छन् ।

२. यस बजेट तथा कार्यक्रमका मुख्य प्राथमिकता आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गरी लागत न्यूनीकरण गर्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, समावेशी र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने, शिक्षा, स्वास्थ्य क्षेत्रको गुणस्तरीयता एवम् सबलीकरण, सबै प्रकारका सामाजिक विभेद अन्त्य भएको मानवताको सहर स्थापना गर्ने रहेका छन् ।

३. विकासको लागि आर्थिक, सामाजिक, भौगोलिक पूर्वाधारहरु खडा गर्ने, शासनमा सुधार र सेवा प्रवाहमा जनताको सहज पहुँच वृद्धि गर्ने, आन्तरिक क्षमता विकास र सुदृढीकरणमा जोड दिने, सन्तुलित एवम् दिगो समावेशी विकासको अवधारणालाई आत्मसात गर्ने, गरीबी न्यूनीकरण तथा जनजीवीकामा टेवा पुऱ्याउने, समृद्ध नगर सुखी नगरवासीको अवस्था हासिल गर्ने उद्देश्यका साथ बजेट तर्जुमा गरिएको छ ।

**नगर सभाका अध्यक्ष एवम् सदस्यज्यूहरू,**

**अब म पूर्वाधार विकास तर्फका कार्यक्रमको बजेट पेस गर्दछु ।**

४. हेटौंडा-१० मा निर्माणाधीन एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माण सम्पन्न गरी सञ्चालन गर्न ६ करोड बजेट विनियोजन गरेको छु ।

५. सहरी सडक मर्मत सम्भारका लागि सडक वोर्ड नेपालसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्न रु. १ करोड ७० लाख विनियोजन गरेको छु ।

६. विभिन्न पूर्वाधारको आकस्मिक मर्मत सम्भारका लागि मर्मत सम्भार कोषमा रु. १ करोड ५० लाख विनियोजन गरेको छु । साथै संघ तथा प्रदेश सरकारको लागत, सहयोग तथा समन्वयमा कर्रा करिडोर निर्माणको निरन्तरताका लागि आवश्यक व्यवस्था गरिएको छ ।

७. सम्झौता भई आगामी आर्थिक वर्षमा जिम्मेवारी सर्ने योजनाको भुक्तानीको लागि रु. १७ करोड विनियोजन गरेको छु ।

८. संघीय सरकार समपुरक कोषअन्तर्गत पदमपोखरी मुख्य सडक विस्तार कार्यका लागि रु. ७ करोड विनियोजन गरेको छु। साथै समपुरक कोषका योजनाका लागि रु. ६ करोड विनियोजन गरेको छु ।

९. नगरवासीलाई स्वच्छ खानेपानी व्यवस्थापन गर्न हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग साझेदारी कार्यक्रम, न्यूनतम महसुल भुक्तानी लगायतका कार्यका लागि लागि रु. २ करोड ८ लाख विनियोजन गरेको छु ।

१०. वडा नं. १ स्वर्गलोक सडक स्तरोन्नति, वडा नं. १६ र १७ साजबोटे जाने सडक, वडा नं. १९ को बुद्धचोक ज्यामिरे स्वास्थ्य केन्द्रदेखि अरनिको आधारभूत विद्यालयसँगको सडक स्तरोन्तिका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

११. वडा नं. ५, ११ र १६ मा सामुदायिक भवन निर्माणका लागि रु. ७० लाख तथा नगरपालिकाको प्रशासनिक भवनमा लिफ्ट जडान, पर्खाल एवम् चमेनागृह निर्माणका लागि रु ५० लाख विनियोजन गरेको छु ।

१२. नगरको वृहत्तर विकासमा महत्त्व राख्ने ठुला आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, अनुसन्धान तथा परामर्श एवम् आवधिक योजना निर्माण गरी परियोजना बैंक (Project Bank) का लागि रु. २० लाख विनियोजन गरेको छु ।

१३. नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा सडकमा उज्यालो शहर कार्यक्रमअन्तर्गत हाइमास्ट लाइट जडानका लागि आवश्यक प्रबन्ध गरिएको छ। साथै नगरको मुख्य चोक र बजार क्षेत्रमा उज्यालो सहर कार्यक्रमअन्तर्गत स्ट्रिट लाइट जडानका लागि रु. ३० लाख विनियोजन गरेको छु ।

१४. संघीय सरकारबाट प्राप्त हुने आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको प्रारम्भिक बाल कक्षा सञ्चालन भवन निर्माणका लागि रु. १ करोड, भैरव डाँडा नकौली घ्याङसिङ्गटार हुँदै बस्तिपुर सडक स्तरोन्नतिका लागि रु. २६ लाख, सहिद स्मृति पार्क निर्माणका लागि रु. ३६ लाख, नागस्वती फुटबल स्टेडियम निर्माणका लागि रु १ करोड ७२ लाख, रामधुनी हुँदै लालभित्ते झोलखानी, जुरेली ज्यामिरे हुँदै बाराको रतनपुर तथा वडा नं. ८ ओम नगरको एकनम्बर सडकदेखि किरण चोकसम्म (सिप विकास मार्ग) को स्तरोन्नतिका लागि १ करोड ७२ गरी कुल ६ करोड ६ लाख लागतका योजना कार्यान्वयनमा ल्याइनेछ ।

१५. संघीय सरकारबाट हेटौंडा चक्रपथअन्तर्गत वडा नं १५, १६,१७ को सडक खण्डको स्तरोन्नति रु. २ करोड, चाइना क्वाटरबाट राप्ती बाइपास जोड्ने सडकका लागि रु. १ करोड, वडा नं. १९, नेवारपानी गुम्बाटोल हुँदै गालछाराङ्ग-लिक्चे-कैलास, हेटौंडा कैलाश राक्सिराङ्ग जोड्ने सडकका लागि रु. २ करोड, वडा नं. ८ को बिपि मार्ग स्तरोन्नतिका लागि रु. १ करोड, वडा नं. १८

दोभानचौरदेखि डाडागाउँसम्म सडक स्तरोन्नतिका लागि रु. १ करोड, वडा नं. १७ पुरानो फायर लाइन ओदालघारी सडक स्तरोन्नतिका लागि रु. १ करोड, वडा नं. ३ स्थित राईटोल सडक स्तरोन्नतिका लागि रु. २० लाख गरी जम्मा रु. ५ करोड २० लागतका योजना कार्यान्वयनमा ल्याइनेछ ।

१६. वडा नं. ६ स्थित हात्तिलेट खहरेको उत्तरी किनारबाट बहुउद्देश्यीय तालिम केन्द्रसम्मको सडक, हात्तिलेट राईगाउँ हुँदै बारुते जाने सडक, खड्का मार्ग पिस पार्क हुँदै मक्रान्चुली जाने सडक स्तरोन्नतिका रु. ५० लाख, कुष्माण्ड सरोबर त्रिबेणीधाम क्षेत्रमा सामुदायिक भवन निर्माणका लागि रु. २० लाख, कुखेनी खोला (सडक पुल) रु. ९० लाख, बिन्दबासिनिटोलदेखि वडा नं. ४ गर्दोई टोल पुल निर्माणका लागि रु. ८५ लाख गरी जम्मा रु. २ करोड ४५ लाख लागतका योजना कार्यान्वयनमा ल्याइनेछ ।

१७. प्रदेश सरकारसँगको समन्वयमा अटोभिलेज निर्माण र स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिएको छ भने वडा नं. १० मा रहेको निर्माणाधीन तामाङ्ग सङ्ग्रालय निर्माणका लागि रु. ५० लाख विनियोजन गरेको छु ।

१८. पूर्वाधार विकास क्षेत्रभित्र पर्ने सडक, उर्जा, सडक बत्ति, जल स्रोत, पर्यटन, भवन तथा आवास, सिँचाईलगायत नगर स्तरीय पूर्वाधार तर्फ रु. ८८ करोड ८६ लाख ९९ हजार विनियोजन गरेको छु ।

**नगर सभाका अध्यक्ष एवम् सदस्यज्यूहरू,**

**अब म आर्थिक विकासतर्फका कार्यक्रमको बजेट पेस गर्दछु ।**

१९. कृषि विकासतर्फका उन्नत बालीको विउ तथा मिनिकिट खरिद, विषादी खरिद तथा वितरण, साना सिँचाइ कार्यक्रम, ल्याव सञ्चालन, कृषिमा युवा लक्षित कार्यक्रम, यान्त्रिकरण प्रबर्धन कार्यक्रम, आकस्मिक बाली क्षतिपूर्ति कार्यक्रम, अदुवा बेसार, पिँडालु, सखरखण्ड तथा तरुल प्रबर्धन कार्यक्रम, कोदोको समर्थन मूल्य निर्धारण लगायतका योजना तथा कार्यक्रमका लागि रु. २ करोड ४ लाख बजेट विनियोजन गरिएको छ।

२०. मौसमी तथा बेमौसमी घाँस वितरण कार्यक्रम, आकस्मिक रोग नियन्त्रण कार्यक्रम, कृतिम गर्भाधान कार्यक्रम, सेवा केन्द्रद्वारा नियमित सेवा सञ्चालन, विभिन्न खोप खरिद, बङ्गुर प्रवर्धन कार्यक्रम, महिलासँग पशुपालन कार्यक्रम, युवा लक्षित कार्यक्रम, गरिब विपन्न दलित तथा एकल महिला लक्षित कार्यक्रम, मिल्क एनलाईजर खरिद लगायतका पशु विकास तर्फका विविध कार्यक्रम तथा योजना सञ्चालन गर्न सशर्त समेत गरी रु. १ करोड ३५ लाख २० हजार बजेट विनियोजन गरिएको छ।

२१. उद्योग, सहकारी तथा लघु उद्यमतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न रु. ६९ लाख ९९ हजार बजेट विनियोजन गरेको छु ।

२२. पर्यटन तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न रु. ८५ लाख बजेट विनियोजन गरेको छु । संस्कृति प्रवर्द्धनअन्तर्गत पूर्वाधार निर्माण मर्मत तथा जिर्णोद्वारका लागि रु. १ करोड १६ लाख विनियोजन गरेको छु ।

२३. राजस्व परिचालन तथा वित्तीय व्यवस्थापन क्षेत्रतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न रु. ३७ लाख बजेट विनियोजन गरिएको छ।

२४. प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल परियोजनाका लागि सशर्त तर्फ रु. १ करोड २७ लाख ७१ हजार बजेट विनियोजन गरिएको छ।

२५. आर्थिक विकास क्षेत्रभित्रका चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि रु. ७ करोड ५६ लाख १० हजार विनियोजन गरेको छु ।

**नगर सभाका अध्यक्ष एवम् सदस्यज्यूहरू,**

**अब म सामाजिक विकासतर्फका कार्यक्रमको बजेट पेस गर्दछु ।**

२६. वाल विकास केन्द्रमा कार्यरत सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकलाई संघीय सरकारले उपलब्ध गराएको पारिश्रमिकमा थप गरिएको रकमलाई निरन्तरता दिनका लागि रु. १ करोड ३५ लाख विनियोजन गरेको छु ।

२७. महिला शिक्षक सुत्केरी भएका बखत पठनपाठन हुने सिकाइ नोक्सानीलाई न्यूनीकरण गर्न सिकाइ आपुरणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

२८. नगरको शैक्षिक रुपान्तरण तथा विकासका लागि तयार भएको नगर शिक्षा नीति र योजनालाई प्रभावकारी रुपले कार्यान्वयन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२९. नगर क्षेत्रभित्रको उपयुक्त स्थानमा शिक्षण सिकाइ प्रवर्द्धन गर्न **नमुना ज्ञान पार्क** (Knowledge Park) स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

३०. विद्यालयमा शिक्षकको अनुपस्थिति भएका बखत पठनपाठनमा हुने क्षति न्यूनीकरण गर्नका लागि **"शिक्षक बैंक", "Mobile Teacher"** र **"Silver Volunteer"** को लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । विद्यार्थी सङ्ख्या र भूगोलका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान एवम् व्यवस्थापन गर्दा विषयगत शिक्षक नपुग हुने भएमा सिकाइको आपूरणका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

३१. स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रबर्धन केन्द्र, अस्पताल तथा विद्यालय नर्सको परिचालनमार्फत सवै विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने प्रबन्धका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

३२. विद्यार्थीलाई मनोरञ्जनात्मक तवरले सिक्ने अवसरको सिर्जना गर्दै सिपमूलक सिकाइका लागि "**सुनौलो शुक्रबार**" कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३३. बालबालिकालाई विद्यालय तथा उच्च शिक्षाको अवसरबाट वञ्चित हुन नदिन **मेयर केयर कार्यक्रम** (छात्रवृत्ति, पोसाक, शैक्षिक सामग्री) लाई निरन्तरताका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

३४. विद्यालयको सुन्दरता कायम राख्न **हराभरा सामुदायिक विद्यालय** कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३५. शिक्षकका पेसागत संघसंगठन तथा नेपाल शिक्षक महासंघलाई शिक्षक तथा विद्यालय कर्मचारीको व्यावसायिक दक्षता अभिबृद्धि र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नका लागि अभिप्रेरित गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३६. प्रदेश सरकार र नेपाल सरकारसँग समेत समन्वयमा पूर्वाधार सम्पन्न दुई वा दुईभन्दा बढी विद्यालयलाई समाहित गरी गुणस्तरीय शिक्षाको व्यवस्था गर्न नगरको सहयोग र समन्वयमा **मेघा विद्यालय** सञ्चालनका लागि उत्प्रेरित गर्ने गरी बजेटको व्यवस्था गरिएको छ ।

३७. संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीलाई विभिन्न प्रकारका तालिम तथा अभिमुखीकरण कार्यक्रममा सहभागिताको सुनिश्चताका लागि आवश्यक बजेट प्रबन्ध गरिएको छ ।

३८. विद्यालयको बिजुली खानेपानी लगायतको प्रशासनिक खर्चका लागि आवश्यक बजेट विनियोजन गरेको छु । सामुदायिक विद्यालयको भौतिक सुदृढीकरण कार्यक्रमका लागि रु. १ करोड विनियोजन गरेको छु ।

३९. प्रदेश सरकारबाट प्राप्त हुने स्रोत बाहेक शिक्षा तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न संघतर्फ सशर्त अनुदान रु. ७३ करोड २७ लाख २६ हजार र आन्तरिकतर्फ ४ करोड ४५ लाख गरी रु. ७७ करोड ७२ लाख २६ हजार विनियोजन गरेको छु ।

४०. **"मेयरसँग जनता स्वास्थ्य कार्यक्रम"** मार्फत विपन्न, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा एकल महिला/पुरुष, आमा तथा बच्चाको स्वास्थ्य, प्रशामक सेवा (Paliative Care), पोषण कोशेली घर भेटघाट गर्ने (PNC Home Visit) कार्यक्रम, निशुल्क रक्त सेवा, जिरो होम डेलिभरी, स्वास्थ्य विमा, पाठेघर मुखको क्यान्सर, डाइलायसिस लगायतका सेवा सञ्चालनका लागि रु. ५८ लाख १२ हजार विनियोजन गरेको छु ।

४१. हटिया र पदमपोखरी स्थित आधारभूत अस्पताललाई नेपाल सरकार स्वास्थ्य विमा वोर्ड कार्यालयमा आवद्ध गरी संघ तथा प्रदेश सरकारसँग समन्वय तथा सहयोगमा स्वास्थ्य विमासहितको आधारभूत अस्पतालको रुपमा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

४२. सामुदायिक आँखा अस्पतालको सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन सहकार्यका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४३. आयुर्वेद तथा बैकल्पिक चिकित्सालाई प्रबर्धन गर्दै नगरवासीलाई स्वास्थ्य सेवा सहजरुपमा प्रवाह गर्नका लागि रु. ४१ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

४४. स्वास्थ्य तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न शशर्त समेत गरी रु. ७ करोड ६९ लाख ६२ हजार बजेट विनियोजन गरिएको छ।

४५. युवासँग उपमेयर कार्यक्रम, मेयर कप फुटबल प्रतियोगिता, सहिद स्मृति स्थानीय गोल्डकप प्रतियोगिता तथा विभिन्न खेल प्रतियोगिता सञ्चालन लगायत युवा तथा खेलकुदसँग सम्बन्धित कार्यक्रमका लागि कुल रु.१ करोड ८२ लाख बजेट विनियोजन गरेको छु ।

४६. स्थानीय बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा तथा दिगोपनाका लागि रु ८५ लाख लगायत अपाङ्गता भएका व्यक्तिका लागि कार्यक्रम, हिंसा पिडीत महिलाका लागि अल्पकालीन सुरक्षा स्थल, लैंगिक हिंसा तथा घरेलु हिंसा तथा विभेदविरुद्ध सचेतना कार्यक्रम, ज्येष्ठ नागरिक एवम्

बालबालिकासम्बन्धी कार्यक्रम लगायत सामाजिक विकासका कार्यक्रमहरुका लागि रु २ करोड ३७ लाख ४० हजार विनियोजन गरेको छु ।

४७. न्यायिक समिति सञ्चालन तथा व्यवस्थापनका लागि रु. ६६ लाख ६३ हजार विनियोजन गरेको छु ।

४८. सामाजिक विकासअन्तर्गत शिक्षातर्फको सशर्त र आन्तरिक बजेट तर्फको चालु कार्यक्रम र पूंजिगत योजना तथा कार्यक्रमका लागि रु. ९३ करोड १९ लाख ८२ हजार विनियोजन गरेको छु।

**नगर सभाका अध्यक्ष एवम् सदस्यज्यूहरू,**

**अब म वन, वातावरण तथा विपद व्यवस्थापन तर्फको कार्यक्रमको बजेट पेस गर्दछु ।**

४९. सफा हेटौंडा, जलवायु, वन तथा भूसंरक्षण, वातावरण संरक्षण, विपद जोखिम न्यूनीकरण र जल उत्पन्न प्रकोप नियन्त्रणतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न कुल रु. ९६ लाख ७० हजार विनियोजन गरेको छु ।

५०. फोहर मैला व्यवस्थापन र ढल तथा नाला पूर्वाधारतर्फका योजना तथा कार्यक्रमका लागि रु. २ करोड १६ लाख विनियोजन गरेको छु ।

५१. बारूण यन्त्र सञ्चालन, व्यवस्थापन, सरसफाइ र फोहोरमैला व्यवस्थापन सवारी साधनको मर्मत तथा इन्धन लगायतका लागि रु. २ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।

५२. वातावरण तथा विपद व्यवस्थापन एवम् सरसफाई र फोहर मैला व्यवस्थापनका चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि कुल रु.३ करोड १२ लाख ७० हजार विनियोजन गरेको छु।

**नगर सभाका अध्यक्ष एवम् सदस्यज्यूहरू,**

**अब म संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फको कार्यक्रमको बजेट पेस गर्दछु ।**

५३. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च एवम् वित्तीय व्यवस्थापनतर्फ साँवा व्याज भुक्तानीका लागि कुल रु. ४० करोड ६२ लाख ८७ हजार विनियोजन गरेको छु ।

५४. संस्थागत क्षमता विकास, सुशासन प्रवर्द्धन, सेवा प्रवाह व्यवस्थापन, सूचना व्यवस्थापन, सूचना प्रविधिको प्रयोग र व्यवस्थापन, अन्तर निकाय समन्वय, स्थानीय योजना तथा तथ्याङ्क, सामाजिक सुरक्षा र पञ्जिकरण व्यवस्थापन, सुरक्षा व्यवस्थापन, सुशासन पूर्वाधार लगायतका क्षेत्रसँग सम्बन्धित चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि सुशासन तथा संस्थागत विकासतर्फ रु. २ करोड ५१ लाख ५८ हजार विनियोजन गरेको छु ।

५५. कोभिड १९ महामारीका कारण समग्र अर्थतन्त्रमा पारेको प्रतिकूल प्रभाव तथा संघ र प्रदेशबाट भएको घट्दो बजेट सीमालाई हृदयङ्गम गर्दै अनुमानित आन्तरिक तथा बाह्य स्रोतको सुनिश्चित हुनेगरी यथार्थपरक अनुमानमा आधारित भई आर्थिक वर्ष २०८१/८२ का लागि प्रशासनिक खर्च एवम् विषयगत क्षेत्रका कार्यक्रम सञ्चालन गर्न कुल बजेट रु. २ अर्ब ४३ करोड ८९ लाख ७१

हजार विनियोजन गरेको छ । प्रस्तुत बजेट चालू आर्थिक वर्षको बजेट भन्दा रु ४६ करोड ७२ लाख २९ हजार रुपैंया अर्थात १६.०७ प्रतिशत कम हुन जानेछ ।

**सभाका अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५६. आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु २ अर्व ४३ करोड ८९ लाख ७१ हजार विनियोजन गरिएको छ ।

५७. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु. ५३ करोड २७ लाख ९५ हजार ७७०, राजस्व बाँडफाँटबाट रु. ६१ करोड ६५ लाख ८६ हजार ७३०, प्रदेश सरकारको विभिन्न अनुदानबाट रु. ११ करोड १७ लाख ३९ हजार र सङ्घीय सरकारको अनुदानबाट रु. १ अर्व १६ करोड ५३ लाख व्यहोरिने छ ।

५८. यस नगरलाई नगरसभापश्चात् संघ तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षालगायत अन्य कार्यक्रमको एकल खाता कोष प्रणालीमार्फत् भुक्तानी हुने भएकाले प्रस्तुत बजेटमा उक्त कार्यक्रमको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउँदछु ।

**नगर सभाका अध्यक्ष एवम् सदस्यज्यूहरू,**

५९. प्रस्तावित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्य गर्न सकिएमा कार्यक्रमको कार्यान्वयनको सुनिश्चितता, पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रम र बजेटबाट नगरवासीका आधारभूत आवश्यकता परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समूहको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनमार्फत स्थानीय लोकतन्त्र सवलीकरण हुने विश्वास लिएको छु ।

६०. नगरवासीको गुणस्तरीय सेवाप्रतिको बढ्दो आकांक्षालाई पूरा गर्न हामीले आफूलाई अझ बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउँदै सरोकारवाला बिचको सहकार्य, समन्वय, सुझाव र सहमति अनुकूल वातावरण स्थापना गरी प्रभावकारी ढङ्गका साथ स्रोत–साधन परिचालन गरी नगरवासीको सवैभन्दा नजिकको देखिने सरकार हो भन्ने मान्यतालाई स्थापित गरेर देखाउनु पर्नेछ । यसै सन्दर्भमा आगामी आर्थिक वर्षको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा क्षेत्रगत एवम् विषयगत विशेषज्ञता रहेका विषयगत महाशाखा, निजी क्षेत्र तथा सहकारीलाई जिम्मेवार र उत्तरदायी बनाई कार्यान्वयन कार्य योजनासहित तोकिएको समयमै योजना सम्पन्न गर्न आवश्यक रहेको तथ्यतर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।

६१. आगामी आर्थिक वर्षको प्रस्तुत बजेट तथा कार्यक्रम तयारी/प्रस्तुति गर्ने कार्य सार्थक तुल्याउन सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, विषयगत निकायका प्रमुख, राजनीतिक दलका पदाधिकारी, नगरसभाका सदस्य सबैको विचार हाम्रा लागि मार्गदर्शन हुनेछ । बजेट निर्माण

कार्यमा  सहयोग गर्नुहुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारी, गैर–सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी एवम् अन्य जनप्रतिनिधि र सरोकारवाला सबै निकाय तथा व्यक्तिप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

६२. अन्तमा, यस बजेटको सफल एवम् प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै बजेट तथा कार्यक्रम प्रस्तुतिको यस क्षणमा गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यबाद**